☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

नेपाल सरकार
कृषि , वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ
मोरङ्ग

**न्युनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापनका लागि सहकारी संस्था सुचिकृत हुने सम्बन्धी सूचना**

**सुचना नं.-४**

**(सूचना प्रकाशित मिति :२०८३/०५/१६ गते)**

नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८३/०२/११ गतेको निर्णयानुसार चालु आ.व.२०८३/८४ का लागि मोटा धानको प्रति क्वीन्टल रु.३६६०/- र मध्यम धानको प्रति क्वीन्टल रु.३८६०/- न्यूनतम समर्थन मूल्य तोकिएकोले स्वीकृत **"न्युनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका,२०७७"** मा तोकिएको प्रावधान बमोजिम **मोरङ्ग र सुनसरी जिल्ला भित्र** उत्पादन हुने धान न्यूनतम समर्थन मूल्यमा खरिद र व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्ने ईच्छुक सहकारी संस्थाहरुले तपसिलका कागजात तथा विवरणहरु सहित सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र अर्थात मिति २०८३/०६/०५ गतेसम्म कार्यालय समय भित्र कार्यक्रम कार्यान्वयन एकाइ,मोरङ्गमा सूचिदर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

सुचि दर्ता गर्दा पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :

(१) रितपूर्वक सहितको सूचिकृत निवेदन।
(२) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(३) आ.व.२०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(४) सहकारी संस्थाको सेयर पुँजी र सहकारी संस्थाको कार्यक्षेत्र।
(५) खरिद गर्न चाहेको धानको परिमाण र किसिम।
(६) धान खरिद गर्न चाहेको स्थानिय तह र वडा समेत खुल्ने गरि इच्छुक क्षेत्र।
(७) धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत।
(८) खरिद गरिने धानको भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण।
(९) धान खरिद,ढुवानी,भण्डारण,प्रशोधन एवं बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन,उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण।
(१०) धान खरिद विक्रिको लागी आवश्यक पर्ने अन्य विवरण।
(११) आ.व. २०८२/८३ मा सूचिकृत भई धान खरिद गर्नुभएको सहकारीको हकमा खरिद विवरण।

नोट: धानको भण्डारण,सुरक्षा र प्याकेजिङ्ग लगायतका खर्च व्यवस्थापनका लागी प्रति क्विन्टल रु.११२/-(अक्षररुपि एक सय बाह्र मात्र )को दरले खरिद गरेको धानको परिमाण बमोजिम हुन आउने परिमाण बमोजिम हुन आउने अनुदान रकम कार्यालयले कार्यक्रम सम्पन्न गरे पश्चात सम्बन्धित संस्थालाई उपलब्ध गराउने छ।

थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, मोरङको फोन नं. ०२१-५०३०४० / कृषि अधिकृत/सूचना अधिकारी ९८६२१६०६२१ र जोन प्राविधिक एकाइ सुनसरीको फोन नं. ०२५-५६०६७४/ कृषि अधिकृत ९८४२९२७३२४ /९८५२०६०१२४ मा सम्पर्क राख्न सकिने छ ।

इमेल: pmamp.piu.morang.@gmail.com, वेभ पेज: www.piumorang.namp.gov.np